घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र सख्या: २०८१/०८२
चलानी नं.

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०४

घरपझोङ गाउँपालिकाको स्वामित्वमा रहेको ३ नं. वडा पुथाङ एक्लेभट्टी र ४ नं. वडा जोमसोममा रहेको जनहित मा.वि. को पूर्वतर्फ अवस्थित बसपार्क २ (दुई गोटा) भाडामा दिनको लागि नेपाली नागरिक वा फर्मबाट तपसिलका विवरण बमोजिमका वसपार्क छुट्टाछुट्टै भाडामा लगाउनका लागि गोप्य शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि यस गाउँपालिकाको website:https://gharapjhongmun.gov.np मा सूचनाको विस्तृत विवरण राखिएको छ।

बसपार्कको विवरणः

| सि.न. | बसपार्कको विवरण | न्युनतम बार्षिक भाडादर (रु.) | शिलबन्दी दरभाउपत्र दस्तुर (रू.) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घरपझोङ गा.पा.३ नं. वडा पुथाङ एक्लभट्टीमा रहेको बसपार्क। | १,००,०००।०० | १,०००।०० | बोलकबोल रकमको ५% प्रतिशत | १५ दिन | |
| २ | घरपझोङ गा.पा. ४ नं. वडा जोमसोममा रहेको बसपार्क | २,८०,०००।०० | १,०००।०० | बोलकबोल रकमको ५% प्रतिशत | १५ दिन | |

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम,मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र सख्या: २०८१/०८२
चलानी नं.

**प्रथम पटक प्रकाशित मिति: २०८२/०१/०४**

घरपझोङ गाउँपालिकाको स्वामित्वमा ३ नं. वडा पुथाङ एक्लेभट्टीमा रहेको बसपार्क १(एक गोटा) भाडामा दिने सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार र घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस गाउँपालिकाले निर्धारण गरेको बार्षिक न्यूनतम भाडादरको रकममा बढाबढ हुने गरी गोप्य शिलबन्दी दरभाउपत्रबाट भाडामा लगाउनु पर्ने भएकोले यस गाउँ कार्यपालिकाको मिति २०८१/१२/२२ गतेको निर्णय बमोजिम ईच्छुक व्यक्ति वा फर्मबाट तपसिल बमोजिमको विवरण तथा शर्तहरुको अधिनमा रही पहिलो पटक ४(चार) बर्षसम्मको लागि गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः- भवनको विवरण

| सि.न. | बसपार्कको विवरण | न्युनतम बार्षिक भाडादर (रु.) | शिलबन्दी दरभाउपत्र दस्तुर (रू.) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घरपझोङ गा.पा.३ नं. वडा पुथाङ एक्ल्भट्टीमा रहेको बसपार्क। | १,००,०००।०० | १,०००।०० | बोलकबोल रकमको ५% प्रतिशत | १५ दिन | |

शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु:

१) दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। यस कार्यालयबाट खरिद भएका दरभाउपत्र फारम भरी शिलबन्दी गरी १६ औं दिनको १२:०० वजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ। शिलबन्दी दरभाउपत्रको बाहिर पट्टि व्यक्ति वा फर्मवालाको नाम, ठेगाना र फोन नम्बर स्पष्ट लेखि पेश गर्नुपर्नेछ। म्याद भित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको १३:०० बजे खोलिनेछ। शिलबन्दी दरभाउकर्ताहरु उपस्थिति नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन। शिलबन्दी



नि. प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खोलेको दिन सोही समयमा शिलबन्दी दरभाउ पत्र खोलिनेछ। कुनै शर्त राखि पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कार्यवाही गरिने छैन ।

२) यस कार्यालयबाट प्रमाणित भएका शिलबन्दी दरभाउपत्र फाराम व्यक्ति /फर्मवाला स्वंय वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकता प्रमाण पत्रको छाँया प्रति, व्यवसायी फर्मको हकमा व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर/मु.अ.करको प्रमाण पत्र र आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाण पत्र लगायतका प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३) शिलबन्दी दरभाउपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको अंक र अक्षरमा प्रष्टसँग लेखी कबोल अंकको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड जोमसोम शाखा स्थित धरौटी खाता हि.नं. ०६८०३००००३००००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

४) दरभाउपत्र स्वीकृत भए पश्चात सम्झौता गर्दा व्यक्ति वा फर्मले वार्षिक कबोल गरेको भाडाको ६ महिना बराबरको रकम धरौटी बापत यस कार्यालयको नेपाल बैंक लिमिटेड जोमसोम शाखा स्थित धरौटी खाता हि.नं. ०६८०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। साथै अग्रिम रुपमा कम्तिमा १ (एक) महिना बराबरको भाडा समेत गाउँपालिकाको खाता हि.नं. ०६८०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५) <u>बसपार्कको विवरण:</u>

क) ३ नं. वडा पुथाङ एक्लेट्टीमा रहेको बसपार्कको क्षेत्रफल-३१५० वर्ग मिटर कम्पाउन्ड वाल सहित, सटर सहितको टहरा-३ वटा र महिला पुरुषको शौचालय। यातायात व्यवसायीहरुलाई काउन्टर राख्न पाउने छैन। तोकिए अनुसार आफुले सञ्चालन गरेको चार्जिङ स्टेसन र सवारी साधन धुने सेवा वाहेक सवारी साधन पार्किङ गरेको तोकिए अनुसार पार्किङ भाडा मात्र लिन सकिनेछ।


फोन नं. ०६९-४४००१६, email:gharapjhongrmunicpality@gmail.com, website: www.gharapjhongmun.gov.np

६) व्यक्ति वा फर्मले बसपार्क सञ्चालनको जिम्मा लिईसकेपछि बसपार्क व्यवस्थापन र बसपार्क प्रयोगकर्ताले उल्लिखित बसपार्क पर्यटन सवारी साधनहरुको पार्किङ्गलाई प्रथमिकता दिनु पर्नेछ । बसपार्कमा बिद्युतिय चार्जिङ्ग स्टेसन र सवारी साधन धुने सिस्टम बाहेक अन्य कुनै पनि किसिमको पूर्वाधारहरु निर्माण गर्न र ग्यारेज राख्न पाउने छैन । बसपार्कको स्वामित्वको बसपार्क बाहिर रहेको ३ वटा सटरहरुमा चाहेको व्यवसाय गर्न पाउने छ ।अन्य व्यवस्थाहरु घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यवीधी, २०८१ बमोजिमका शर्तहरु पालना गर्नु अनिवार्य हुने छ। कार्यविधि यस गाउँपालिकाको website:https://gharapjhongmun.gov.np उपलब्ध छ। साथै गाउँपालिकमा प्रत्यक्ष रुपमा आई फोटोकपी प्रति प्राप्त गर्न सक्नु हुनेछ। कार्यविधि अध्ययन गरेर मात्र शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सुचित गरिन्छ।

७) बसपार्क भाडामा लिने व्यक्ति वा फर्म स्वयमले सञ्चालन गर्नु पर्ने छ। कार्यालयको स्वीकृति बिना अन्य व्यक्ति वा फर्मलाई भाडामा दिई बेचबिखन गर्न, अन्य व्यक्ति वा फर्मसँग मिलि साझेदारी व्यवसाय गर्न तथा अन्य कुनैपनि व्यक्ति बा फर्मलाई नामसारी गरि हक हस्तान्तरण गर्न पाइने छैन। यस्तो गरेको पाइएमा तत्कालै सम्झौता रद्ध गरिनेछ। व्यक्ति वा फर्मवालाले स्वीकृति बिना कुनैपनि संरचना बनाउन पाइनेछैन। थप निर्माण गरिएको संरचना आफुले बसपार्क छोड्नु परेको अवस्थामा निर्माण गरिएको संरचना निशर्त छाड्नुपर्नेछ।

८) आफुले सम्झौता गरेको बसपार्क कुनै कारणबस सम्झौता तोड्न चाहेमा ६(छ) महिना अगाडी कार्यालयलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ।

९) दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। अन्य शर्तको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१०) बसपार्क भाडामा लिने व्यक्ति वा फर्मले व्यवस्थापन गरेका कर्मचारीको छुट्टै पोशाक र परिचयपत्र अनिवार्य हुनेछ। बिस्तृत जानकारीका लागि यस कार्यालयका प्रमुख प्रशासकिय अधिकृत बेदहरि अधिकारी (९८५७६५०२३४) र इन्जिनियर चक्र बहादुर बम (९८६०५२४१९४) लाई सम्पर्क गरी जानकारी लिन सकिनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र सख्या: २०८१/०८२
चलानी नं.

## प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०४

घरपझोङ गाउँपालिकाको स्वामित्वमा ४ नं. वडा जोमसोममा रहेको बसपार्क १(एक गोटा) भाडामा दिने सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार र घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस गाउँपालिकाले निर्धारण गरेको बार्षिक न्यूनतम भाडादरको रकममा बढाबढ हुने गरी गोप्य शिलबन्दी दरभाउपत्रबाट भाडामा लगाउनु पर्ने भएकोले यस गाउँ कार्यपालिकाको मिति २०८१/१२/२२ गतेको निर्णय बमोजिम ईच्छुक व्यक्ति वा फर्मबाट तपसिल बमोजिमको विवरण तथा शर्तहरुको अधिनमा रही पहिलो पटक ४(चार) बर्षसम्मको लागि गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः- भवनको विवरण

| सि.न. | बसपार्कको विवरण | न्युनतम बार्षिक भाडादर (रु.) | शिलबन्दी दरभाउपत्र दस्तुर (रू.) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घरपझोङ गा.पा. ४ नं. वडा जोमसोममा रहेको बसपार्क | २,८०,०००।०० | १,०००।०० | बोलकबोल रकमको ५% प्रतिशत | १५ दिन | |

शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरुः

१) दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। यस कार्यालयबाट खरिद भएका दरभाउपत्र फारम भरी शिलबन्दी गरी १६ औं दिनको १२:०० वजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ। शिलबन्दी दरभाउपत्रको बाहिर पट्टि व्यक्ति वा फर्मवालाको नाम, ठेगाना र फोन नम्बर स्पष्ट लेखि पेश गर्नुपर्नेछ। म्याद भित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको १३:०० बजे खोलिनेछ। शिलबन्दी दरभाउकर्ताहरु उपस्थिति नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन। शिलबन्दी दरभाउपत्र खरिद गर्ने

तथा दर्ता गर्ने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खोलेको दिन सोही समयमा शिलबन्दी दरभाउ पत्र खोलिनेछ। कुनै शर्त राखि पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कार्यवाही गरिने छैन ।

२) यस कार्यालयबाट प्रमाणित भएका शिलबन्दी दरभाउपत्र फाराम व्यक्ति/फर्मवाला स्वंय वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकता प्रमाण पत्रको छाँया प्रति, व्यवसायी फर्मको हकमा व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर/ मु.अ.करको प्रमाण पत्र र आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाण पत्र लगायतका प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३) शिलबन्दी दरभाउपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको अंक र अक्षरमा प्रष्टसँग लेखी कबोल अंकको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड जोमसोम शाखा स्थित धरौटी खाता हि.नं. ०६८०३०००००३००००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

४) दरभाउपत्र स्वीकृत भए पश्चात सम्झौता गर्दा व्यक्ति वा फर्मले वार्षिक कबोल गरेको भाडाको ६ महिना बराबरको रकम धरौटी बापत यस कार्यालयको नेपाल बैंक लिमिटेड जोमसोम शाखा स्थित धरौटी खाता हि.नं. ०६८०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। साथै अग्रिम रुपमा कम्तिमा १ (एक) महिना बराबरको भाडा समेत गाउँपालिकाको खाता हि.नं. ०६८०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५) <u>बसपार्कको विवरण:</u>

क) ४ नं. वडा जोमसोममा रहेको बसपार्कको क्षेत्रफल ९४४७ बर्गमिटर कम्पाउन्ड वाल सहित, टिकट काउन्टर-६ वटा, चमेना गृह-१, शौचालय र गार्ड हाउस।

६) व्यक्ति वा फर्मले बसपार्क सञ्चालनको जिम्मा लिईसकेपछि बसपार्क व्यवस्थापन र बसपार्क प्रयोगकर्ताले घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यवीधी, २०८१ बमोजिमका शर्तहरु पालना गर्नु अनिवार्य हुने छ। कार्यविधि यस गाउँपालिकाको website:https://gharapjhongmun.gov.np उपलब्ध छ। साथै गाउँपालिकमा प्रत्यक्ष रुपमा आई फोटोकपी

घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र सख्याः २०८१/०८२
चलानी नं.

प्रति प्राप्त गर्न सक्नु हुनेछ। कार्यविधि अध्ययन गरेर मात्र शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सुचित गरिन्छ।

७) बसपार्क भाडामा लिने व्यक्ति वा फर्म स्वयमले सञ्चालन गर्नु पर्ने छ। कार्यालयको स्वीकृति बिना अन्य व्यक्ति वा फर्मलाई भाडामा दिई बेचबिखन गर्न, अन्य व्यक्ति वा फर्मसँग मिलि साझेदारी व्यवसाय गर्न तथा अन्य कुनैपनि व्यक्ति वा फर्मलाई नामसारी गरि हक हस्तान्तरण गर्न पाइने छैन। यस्तो गरेको पाइएमा तत्कालै सम्झौता रद्ध गरिनेछ। व्यक्ति वा फर्मवालाले स्वीकृति बिना कुनैपनि संरचना बनाउन पाइनेछैन। थप निर्माण गरिएको संरचना फुले बसपार्क छोड्नु परेको अवस्थामा निर्माण गरिएको संरचना निशर्त छाड्नुपर्नेछ।

८) आफुले सम्झौता गरेको बसपार्क कुनै कारणबस सम्झौता तोड्न चाहेमा ६(छ) महिना अगाडी कार्यालयलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ।

९) दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। अन्य शर्तको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१०) बसपार्क भाडामा लिने व्यक्ति वा फर्मले व्यवस्थापन गरेका कर्मचारीको छुट्टै पोशाक र परिचयपत्र अनिवार्य हुनेछ। बिस्तृत जानकारीका लागि यस कार्यालयका प्रमुख प्रशासकिय अधिकृत बेदहरि अधिकारी (९८५७६५०२३४) र इन्जिनियर चक्र बम (९८६०५२४१९४) लाई सम्पर्क गरी जानकारी लिन सकिनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत